**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०८ दिसम्बर २०२४

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले पूर्वोत्तर राज्यहरुको पर्यटन एवं परम्परागत सीपलाई प्रोत्साहित गर्ने उद्देश्यले आयोजित अष्टलक्ष्मी महोत्सवको प्रशंसा गर्नुभएको छ।
- प्रसार भारतीका अध्यक्ष नवनीत सहगलले दूरदर्शनको वेभ ओ.टी.टी प्लेटफर्मले परिवारका हरेक सदस्यलाई स्वस्थ मनोरञ्जन प्रदान गर्ने बताउनु भएको छ।
- ३०औं कलकत्ता अन्तराष्ट्रिय फिल्म महोत्सव किफ्फ को पाचौं दिनमा आज शहरका विभिन्न सिनेमा घरहरुमा प्रतिष्ठित फिल्म गद फादर प्रदर्शन गरियो।
- सतत पर्यटन वकासको उद्देश्यको साथमा खरसाङमा पहिलोपल्ट खरसाङ विन्टर रन २०२४ आयोजना गरिएको छ।
- भारतीय मौसम विभागले आगामी १० दिसम्बर सम्म दार्जिलिंग अनि कलेबुन्मा हल्का वर्ष तथा हिउँ पर्ने सम्भावना व्यक्त गरेको छ।

**प्रधानमंत्री-अष्टलक्ष्मी महोत्सव**

प्रधानमंत्री नरेन्द्र मोदीले असल संचार डिजिटल समावेशन अनि बुनियादी ढाँचामा निवेशको माध्यमद्वारा पूर्वोत्तर राज्यहरुमा भएको प्रगतिको सराहना गर्नुभएको छ। श्री मोदीले पुर्वोत्तर क्षेत्रका कपड़ा उध्योग पर्यटन एवं परम्परागत शिल्पलाई प्रोत्साहित गर्ने उद्धेश्यले आयोजित गरिएको अष्टलक्ष्मी महोत्सवको पनि प्रशंसा गर्नुभयो। तीन दिवसीय अष्टलक्ष्मी महोत्सव नयाँ दिल्लीको भारत मंडपममा आज संपन्न भइरहेको छ। यसको लक्ष्य पूर्वरोत्तर क्षेत्रका आठ राज्यको सुन्दरता विविधता अनि संकल्पलाई उजागर पार्न हो।

****** ० ******

**पीएम-टीबी**

प्रधानमंत्री नरेन्द्र मोदीले तपेदिक अथार्त टिबी विरुद्ध भारतको संघर्ष १ सय दिने विशेष अभियान शुरु गरि पछि अझ सशक्त बनेको बताउनुभएको छ। यो अभियान 33 राज्य एवं केंद्रशासित प्रदेशहरुका 3 सय 47 जिल्लाहरुमा चलाइनेछ। यस अभियान अन्तर्गत तपेदिक संक्रमणद्वारा अधिक ग्रस्त जिल्लाहरुमा विशेष रूपले ध्यान दिइने छ। प्रधानमंत्रीले एउटा सोशल मीडिया पोस्टमा भन्नुभएको छ भारतले तपेदिकलाई समाप्त गर्नका लागि बहुकेंद्रित प्रयास गरिरहेको छ जसमा रोगीहरुलाई पर्याप्त उपचार उपलब्ध गराउन जन भागेदारी नयाँ औषधि तथा प्रोद्यौगिकीको उपयोग शामेल छन्। उहाँले टीबीको उन्मूलनको लागि मानिसहरुसित एक साथ मिलेर प्रयास गर्ने अपील पनि गर्नु भएको छ।

****** ० ******

**प्रसार भारती अध्यक्ष**

प्रसार भारतीका अध्यक्ष नवनीत सहगलले दूरदर्शनको वेभ ओ.टी.टी प्लेटफर्मले परिवारका हरेक सदस्यलाई स्वस्थ मनोरञ्जन प्रदान गर्ने बताउनु भएको छ। यसले सार्वजनिक प्रसारकको पहुँच व्यापक दर्शकहरूमा बढाउन पनि मद्दत गर्नेछ। अहमदाबादको दूरदर्शन केन्द्रको भ्रमणका क्रममा उहाले भन्नुभयो वेभ ओ.टी.टी प्लेटफर्मले दर्शकहरूलाई दूरदर्शनका पुराना लोकप्रिय कार्यक्रमहरूको आनन्द लिने अवसर पनि दिनेछ।

****** ० ******

**एम्स्- अब्सट्रक्टिव स्लीप एपनिया**

अखिल भारतीय आयुर्विज्ञान संस्थान- एम्स, दिल्लीले आज OBSTRUCTIVE SLEEP APNEA-को रहस्यहरूमाथि एक कार्यशाला आयोजित गरयो। अब्सट्रक्टिव स्लीप एपनिया गम्भीर निद्रासित सम्बन्धित श्वासको विकार हो अनि यसमा निद्राको समय श्वास लिनमा रूकावट आउँदछ। यसमा घाँटीको मांशपेशीहरू शिथिल हुने अनि वायुमार्ग अवरूद्ध

हुने गर्दछ। यस बिमारीको लक्षणहरू दिनमा अधिक मात्रामा निद्रा आउनु, ठूलो प्रकारले घुर्न अनि राती जागनु अनि श्वास अड़किनु सामेल छ। पल्मोनरी, क्रिटिकल अनि स्लीप मेडिसिन विभागका प्रोफेसर अनि प्रमुख डा. अनन्त मोहनले आकाशवाणी समाचारवित विशेष बातचितमा भन्नुभयो, धेरै कम्ती मानिसहरू यस बिमारीको बारेमा जान्दछ। यो एउटा प्राणघातक पनि बन्न सक्छ। डा. मोहन अनुसार हाम्रो देशमा निद्रा सम्बन्धी विकार बढ़दै गइरहेको छ। डा. सौरभ मित्तल अनुसार अत्याधिक घुर्नु सामान्य होइन अनि यसबाट मुटु अनि दिमागमा आघात पुग्ने सम्भावना बढ़न सक्छ।

****** ० ******

**कलकता अन्तर्राष्टीय फिल्मोत्सव**

३० औं कलकता अन्तर्राष्टीय फिल्म महोत्सव- किफ्फ-को आज पाचौं दिन हो। प्रेक्षागृह नन्दनमा शताब्दी श्रद्धान्जली श्रेणीमा आज प्रतिष्ठित फिल्म गड फादरको प्रदर्शन गरियो। फ्रान्सको द शेमलेस अनि द मोस्ट प्रेशियस अफ् कार्गोस तथा स्पेनको द रूम नेक्स्ट डोर सिनेमा इन्टरनेशनल श्रेणीमा देखाइयो। शहरको विभिन्न सिनेमा घरहरूमा अनि कैयौं अन्य फिल्महरू आज प्रदर्शित गरिन्दैछ। विभिन्न स्थानहरूमा संगोष्ठीहरू पनि आयोजित भइरहेको छ।

****** ० ******

**बांग्लादेश**

बांग्लादेशमा हिंदुहरुमाथि लगातार भइरहेको अत्याचार विरुद्ध आज जागृत सनातन हिंदू समाजले हुग्ली जिल्लाको रिषड़ा मा एक विशाल रैली निकालेर विरोध जनाएको छ। यसरी नै बांग्लादेश मा हिन्दूहरु विरुद्ध भइरहेका घटनाहरुको विरोधमा आज नागेंद्र मिशन अनि बंगाली सिटीजन फोरम को तर्फ बाट पनि विरोध मार्च को आयोजन गरिएको थियो जसमा धेरै संख्यामा मानिसहरु शामेल थिए। यसमा शामेल तृणमूल कांग्रेस नेता कुणाल घोषले बांग्लादेशमा भइरहेको हिंसालाई रोकनका लागि केंद्र सरकारले कड़ा कदम उठाउन पर्ने मांग पनि गरेका छन्। उल्लेखनीय छ गत केही महिनदेखि बांग्लादेशमा कट्टरपंथीहरुद्वारा बांग्लादेशका हिंदुहरुमाथि लगातार अत्याचार बलात्कार एवं लूटपाट गरिएको घटनाहरु अघि आइरहेका छन्।

****** ० ******

**नवान्न उत्सव**

नवान्न उत्सव सम्पूर्ण दक्षिण बंगालमा आज धूमधाम सित मनाइंदैछ। हिंदी कैलेंडर अनुसार कार्तिक महीनाको यो ठुलो उत्सव हो। यस अवधि कृषकहरुले धानको नया अन्न बाली काटेर नया चामललाई प्रसादको रूप मा ग्रहण गर्दछन्। आजको दिन बर्दवान को सर्वमंगला देवी मंदिरमा विशेष भोग चढ़ाइन्छ। यस भोगमा ताजा चामल अनि बाजारमा उपलब्ध ताजा सब्जिहरु साथै गुड़ चामल मिठाई तथा फलहरुले बनेको नबन्ना प्रसाद दिइन्छ।

****** ० ******

**विन्टर रन**

दिगो पर्यटनको उद्देश्यको साथमा खरसाङमा पहिलोपल्ट खरसाङ विन्टर रन 2024 आयोजना गरिएको छ। यस कार्यक्रम खरसाङ महकुमा शासक खेलकूद संघ एथलेटिक एसोसिएसन वन विभाग र पर्यटन विभाग जीटीएको संयुक्त आयोजनामा सम्पन्न भयो। दौडमा ६०० धावकहरूले सहभागिता जनाए जसमा खरसाङ दार्जिलिङ कालेबुङ सिक्किम नेपाल अनि केन्याका धावकहरू पनि थिए। दौड ५ किलोमिटर अनि १० किलोमिटरका दुई भागमा गरिएको थियोए जसको उद्घाटन महकुमा शासक बिन्दाबासिनी तेजा दिपक र सभासद श्याम शेर्पाले गर्नु भएको थियो। खरसाङ विन्टर रन डाउहिल स्कूलको खेल मैदानबाट शुरु गरेर चिमनी देवराली क्षेत्र हुँदै फेरी त्येही आएर समाप्त गरियो। १० किलोमिटर पुरुष वर्गमा कालेबुङका पुरण राई अनि महिला वर्गमा सिक्किमकी चन्द्रकला शर्मा विजयी भएका छन्। यसै क्रममा 60 वर्षमाथिका रनमा मजुवा निवासी वीरबहादुर तामाङ प्रथम भएका छन्। ५ किलोमिटर महिलावर्गमा दार्जिलिङकी जोया खातुन प्रथम भएकी छन्। कार्यक्रममा सूचना तथा सांस्कृतिक विभागका कलाकारहरूले प्रस्तुति दिएका थिए। खरसाङ नगरपालिका अध्यक्ष ब्रिगेन गुरुङए सभासद श्याम शेर्पा तथा अन्य विशिष्ट व्यक्तिहरू पनि उपस्थित थिए। यस कार्यक्रमले खरसाङ र यसको आसपासको क्षेत्रको पर्यटन अनि खेलकूदको प्रगति गर्ने उद्देश्यलाई साकार पार्न महत्वपूर्ण योगदान पुऱ्याएको छ।

## अनित थापा कलेबुङ

कालेबुङ भ्रमणका क्रममा भागोप्रमोका अध्यक्ष अनित थापाले नगरपालिका चुनावको सन्दर्भमा केही महत्त्वपूर्ण बुँदामा आफ्नो विचार व्यक्त गर्नु भयो। उहाँले विगतका क्षेत्रीय सफलता अनि पहाडमा कडा प्रतिपक्षको अभावलाई उल्लेख गर्दै, आगामी अप्रेल महिनामा हुने नगरपालिका चुनावमा भागोप्रमोको जीतको अपेक्षा व्यक्त गर्नु भयो। श्री थापाले पार्टीको बलियो संगठनात्मक संरचनाको कुरा गर्दै यो उहाँको उपस्थितिमा ठूलो भीडले प्रमाणित गरेको बताउनु भयो

****** ० ******

## टिस्टा बाढ पीडित

टिस्टा बाढ पीडित संरक्षण समितिले आज टिस्टा बजार अनि भसुवामा पीडितहरूको न्यायको माग गर्दै पथसभा गरेको छ। समितिले पीडितहरूको पक्षमा जीटीएले एनएचपीसीलाई एउटा चिठ्ठीसम्म नलेखिदिएको आरोप लगाएको छ। यसै गरि सांसद राजु बिष्टले पनि पीडितहरूको लागि केही नगरिदिएको आरोप समितिका सदस्यहरुले लगाएका छन्

****** ० ******

## एडवर्ड्स पुल निर्माण

हाम्रो पार्टी अध्यक्ष तथा जिटिए सभासद अजय एडवर्ड्सले फेरि एउटा पुल निर्माण गर्ने भएका छन्। बालुवाबास पुल निर्माणपछिए इन्टेकमा एउटा पुलए तुङ्गसुङ्गमा अर्को पुल अनि साम्सिङ-कुमाइ समष्टि अन्तर्गतए खोला गाउँमा ७ वटा गाउँहरू जोड्ने पुल क्षेत्रवासीहरूसँग मिलेर श्री एडवर्ड्सले निर्माण गरिदिने भएका छन्। आज पुल निर्माणको निम्ति शिलान्यास कार्यक्रम सम्पन्न भएको जानकारी प्राप्त भएको छ।

****** ० ******

## साकेला पर्व

मिरिक किरातेश्वर मन्दिरमा आगामी १५ दिसम्बरको दिन भव्य रूपमा साकेला पर्व पालन गरिने भएको छ। यस पर्व खम्बू राई सांस्कृतिक संस्थान मिरिकले आयोजना गर्नेछ भने यस पर्वको उदेश्य किराती खम्बू राईको सांस्कृतिए भाषा अनि परम्पराको जगेर्ना गरिने भएको संस्थानका सचिव राजीव राईले जानकारी दिनु भएको छ।

****** ० ******

## अल्पसंख्यक विकास बोर्ड

संयुक्त ईशाई एकता मञ्चका अध्यक्ष किरण राईले पास्टर सिमोन गुरूङ आथवा रमेश गुरूङलाई पश्चिम बङ्गाल अल्पसंख्यक बोर्डको अध्यक्ष बनाउने प्रस्ताव गर्नु भएको छ। यस अघि, मञ्चका पदाधिकारीहरूसँग सल्लाह गरेर मुख्यमन्त्री ममता ब्यानर्जी अनि एलबी राईलाई अनुरोध गरिएको छ। ताकदाह ग्लेनबर्न समष्टिमा छ माइल बजारमा आयोजित सभामा बिहारी र मुसलमान समुदायका व्यापारीहरूले यस प्रस्तावलाई समर्थन जनाएका छन्। धोत्रिया गोर्खा बस्ती 'स्वतन्त्र मण्डली' भवनमा धाकबारी युनाइटेड अनि नौ वटा चर्चहरूको सभा सम्पन्न भएको छ। सभामा रमेश गुरुङलाई अल्पसंख्यक समुदाय विकास बोर्डको अध्यक्ष पदमा समर्थन जनाइयो।

****** ० ******

## मौसम

भारतीय मौसम विभाग (आईएमडी) ले आगामी १० दिसंबरसम्म दार्जिलिंग अनि कालेबुङ्गका केही भागहरुमा हल्का वर्षा तथा हिउँ पर्ने संभावना व्यक्त गरेको छ। मौसम विभाग अनुसार उप-हिमालय पश्चिम बंगाल का विभिन्न भागहरुमा राती तथा बिहानको समय बाक्लो कुइरो लाग्ने सक्ने संभावना पनि व्यक्त गरेको छ। राज्य का दक्षिणी जिल्लाहरु पश्चिम मेदिनीपुरए झारग्रामए पुरुलियाए बांकुड़ाए पूर्व एवं पश्चिम बर्दवानए बीरभूमए मुर्शिदाबाद अनि नदिया का केही भागहरुमा मा भोलि नौ दिसंबरको दिन हल्का वर्षा हुन सक्ने पनि बताएको छ। अन्य क्षेत्रहरुमा मौसम मुख्य रूपले सुखा नै रहने छ। विगत २४ घंटा, दार्जिलिंग शहर ले राज्य मा सबै भन्दा कम्ती न्यूनतम तापमान ५.६ डिग्री सेल्सियस दर्ता गरेको छ। कालेबुङ्गमा पनि न्यूनतम तापमान १०.५ डिग्री सेल्सियस रहेको विभागले बताएको छ।

****** ० ******